प्रमुख प्रशासकीय अधिकृत

## सिलबन्दी दरभाउपत्र

### माथागढी गाउँकार्यपालिकाको कार्यालय, झडेवा पाल्पाको मेला महोत्सव संचालन सम्बन्धी सिलबन्दी सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति; २०८२/१२/११**

माथागढी गाउँपालिकाको मेला महोत्सव सञ्चालन कार्यविधि कार्यविधि, २०८० बमोजिम माथागढी गाउँपालिका वडा नं. ३ मा पर्ने मैदानको निर्धारित क्षेत्र भित्र मेला महोत्सव सञ्चालन गर्न चाहने मू.अ.कर र आयकर दर्ता प्रमाणपत्र प्राप्त संघ, संस्था/फर्म/कम्पनीहरुको लागि १५ दिनको म्याद राखि यो सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना प्रकाशन गरिएको छ। योग्य, ईच्छुक संघ संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र रितपुर्वक सिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन अनुरोध छ।

| आय ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक भ्याट बाहेक | सिलबन्दी दरभाउ पत्र दाखिला गर्ने मिति र समय | फाराम दस्तुर | फाराम खोलिने मिति समय र स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| २९/२०८२/०८३ | माथागढी गाउँपालिका वडा नं ३ मा पर्ने सराई मैदानको निर्धारित क्षेत्र भित्र मेला महोत्सव सञ्चालन | ८,००,०००।- आठ लाख मात्र | २०८२/१२/२५ गते दिउसो १२ बजे | १,००० | २०८२/१२/२५ गते दिउसो १ बजे | माथागढी गाउँ कार्यपालिकाको कार्यालय मा पेश गर्नुपर्नेछ। |

शर्तहरुः-

सिलवन्दी दरभाउ पत्र खरिदका लागि यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा वैङ्क लिमिटेडमा रहेको खाताको नामः GA १.१ MATHAGADHI GA. PA. AANTARIK RAJASHO KHATA खाता नम्वर

29301400000024 मा राजस्व शीर्षक 14229 मा जम्मा गरी गाउँ कार्यपालिकाको कार्यालयबाट तथा www.mathagadhimun.gov.np बाट download गर्न सकिनेछ।

२. फर्मको स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०८२/८३ को मान्य अवधि भएको नविकरण इजाजत पत्रको प्रतिलिपि, मुल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि र आर्थिक वर्ष २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित सिलबन्दी दरभाउ पत्र पेश गर्नु पर्नेछ.

३. सिलबन्दी दरभाउ पत्र पेश गदा कानूनी रुपमा भाग लिन पाउनेअधिकार सहितको स्वयं घोषणा पत्र वा अधिकार प्रत्यायोजनको पत्र समावेश हुनु पर्नेछ ।

४. सिलबन्दी दरभाउ पत्र प्रस्तावसाथ आफूले कबोल गरेको अंकको ५ प्रतिशत रकम धरौटी वापत यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा बैङ्क लिमिटेडमा रहेको धरौटी खाता GA 3.1 MATHAGADHI GA. PA.DHARAUTI KHATA नं २९३०१४००००१५४ GA3 मा जम्मा भएको सक्कल भौचर पेश गर्नु पर्नेछ वा १२० दिनको म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैङ्कबाट बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

५. ठेक्का सम्बन्धी कुनै दस्तुर नेपाल सरकारलाई बुझाउनु परे ठेकेदार आफैले बुझाउनु पर्नेछ ।

६. सिलवन्दी दरभाउ पत्र खोल्ने दिन सिलबन्दी दरभाउ पत्र दाता वा प्रतिनिधि उपस्थित हुनुपर्नेछ, उपस्थित नभए पनि सिलबन्दी दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

७. सिलबन्दी दरभाउ पत्र स्वीकृत भई सम्झौतामा हस्ताक्षर भए पश्चात् चलन चल्ती गर्ने जिम्मा सिलबन्दी दरभाउ पत्रदाताको हुनेछ । मेलामा हुने शान्ति सुरक्षा लगायत अन्य प्रशासनिक विद्युत, पानी, सरसफाई खर्चहरु सिलबन्दी दरभाउ पत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।

८. सम्झौता गर्न आउँदा ठेक्का वापतको कबोल रकम एकमुष्ठ अग्रीम बुझाएमा ५ प्रतिशत छुट दिइनेछ । कबोल रकम ५० प्रतिशत एकमुष्ठ जम्मा गरी बाँकी ५० प्रतिशत रकम बराबर ९० दिनको म्याद भएको बैङ्क ग्यारेन्टी पेश गर्न सकिनेछ।

९. ठेक्का सम्झौता भई भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिईने छैन ।

१०. ठेक्का स्वीकृत गर्ने नगर्ने अधिकार गाउँपालिका कार्यालयमा सुरक्षित रहने छ ।

CamScanner

११. ठेक्का अवधि कार्यदिश पाएको मिति देखि मेला/महोत्सव सञ्चालनको अवधि सम्मको लागि मात्र हुनेछ।

१२. माथि उल्लेखित वाहेकका विषयमा प्रचलित कानून गाउँपालिकाको कानुन वा गाउँपालिकाको निर्णय अनुसार हुनेछ ।

१३. विस्तृत जानकारीको लागि माथागढी गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

शर्तहरु

(क) मेला महोत्सवमा हुने सम्पूर्ण खर्चको जिम्मेवारी सिलबन्दी दरभाउ पत्रदाताको हुनेछ ।

(ख) मेला महोत्सव संचालन गर्दा निर्धारित मैदान वाहेकको क्षेत्रमा कुनै पनि गतिविधि गर्न पाईने छैन ।

(ग) मेला महोत्सव सचालन गर्दा मैदानमा रहेका कुनै पनि संरचनाहरु भत्काउन काम गर्न पाईने छैन ।

(घ) मेला महोत्सव संचालन पश्चात् मैदानको अवस्था दुरुस्त हुनु पर्नेछ ।

(ङ) मेला महोत्सव संचालनका दौरानमा मैदानका संरचनाहरुमा कुनै टुटफुट हानी नोक्सानी भएमा त्यसको मर्मतको जिम्मेवारी सिलबन्दी दरभाउ पत्र दाताको हुनेछ ।

(च) मेला महोत्सवमा आवश्यक पर्ने विद्युत, पानी, सरसफाई, सुरक्षाको जिम्मेवारी सिलवन्दी दरभाउ पत्रदाताको हुनेछ ।

(छ) मेला महोत्सव स्थलमा कानुनद्वारा निषेधित वस्तुको कारोवार गर्न गराउन पाईने छैन ।

(ज) मेला महोत्सव स्थलमा जुवा, तास, मदिरा निषेधित हुनु पर्नेछ ।

(झ) प्रवेश शुल्क र स्टल भाडा गाउँपालिकाले तोकेको दर भन्दा अधिकतम् हुने गरी सकलन गर्न पाईने छैन र प्रवेश टिकट तथा स्टलभाडा रसिद गाउँपालिकावाट प्रमाणित गराई प्रयोगमा ल्याउनु पर्नेछ ।

CamScanner

मायागढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, लुम्बिनी प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

(ञ)मेला महोत्सव भर्न आउने आगन्तुकहरुको सुविधाको लागि सःशुल्क पार्किङ्ग व्यवस्थापन गर्ने जिम्मेवारी सिलवन्दी दरभाउ पत्रदाताको हुनेछ । गाउँपालिकाको आर्थिक ऐन २०८२ मा उल्लेखित दर भन्दा वढी पार्किङ्ग शुल्क संकलन गर्न पाइने छैन ।

(ट) स्टल व्यवस्थापन गर्दा कम्तिमा १/१ वटा स्टल स्थानीय कृषि, पशु, कुटिर उद्योग, शिक्षा, स्वास्थ्य, शिक्षाको लागि निशुल्क उपलब्ध गराउनु पर्नेछ ।

(ठ) मेला महोत्सवको उद्घाटन र समापन कार्यक्रम तथा मेला महोत्सव अवधिको लागि अतिथि, कलाकार, बालउद्यान, साउण्ड सिस्टम, वाद्यवादन, कार्यक्रम स्थलको सौन्दर्यकरण लगायतका कार्यहरुको व्यवस्थापनको जिम्मेवारी सिलबन्दी दरभाउ पत्रदाताको हुनेछ ।

(ड)मेला महोत्सव अवधिमा प्रयोग हुने शौचालयको सरसफाई र त्यसको व्यवस्थापन सिलवन्दी दरभाउ पत्र दाताको हुनेछ ।

(ढ) स्टल भाडा रकम अधिकतम् दर रु १५०००

(१) होटल तथा रेष्टुरेण्ट रु. १५०००।

(२) व्यापारिक स्टल रु.१००००।

(३) स्थानीय उत्पादनका व्यापारिक स्टल रु. ७,०००।

(४) स्थानीय कृषि, पशु, कुटिर उद्योग, घरेलु उद्योग प्रदर्शनी निशुल्क ।

(ण) प्रवेश टिकट दर

(१) साधारण प्रवेश टिकट रु.७५ ।

(२) विद्यार्थी प्रवेश टिकट रु. ५०।

(३) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र ५ वर्ष मुनिका बालबालिका निशुल्क

(त) मेलाको अवधि र समय लगाएत अन्य कुराहरु सम्झौता पत्रमा उल्लेख गरिने छ ।

CamScanner

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावदाताको नाम-

ठेगाना-

भ्याट नं.-

आय ठेक्का नं.-

| क्र.स. | आय ठेक्काको विवरण | कवोल रकम रु अंकमा | कवोल रकम रु अक्षरमा |
|---|---|---|---|
| १ | | | |
| | जम्मा रकम रु | | |
| | भ्याट रकम रु | | |
| | भ्याट सहित जम्मा रकम रु | | |

माथि उल्लेखित शर्तहरु तथा प्रचलित कानूनको अधिनमा रही मेला महोत्सव सञ्चालनको लागि शिलवन्दी दरभाउ पत्र पेश गर्दछु।

प्रस्तावदाता वा प्रतिनिधिको नाम-

हस्ताक्षर-

फोन नं-

फर्मको छाप-